इमेलः dfogautambuddha@gmail.com
☎ कार्यालय प्रमुख :९८५७०८७६९९
☎ सुचना अधिकारी :९७६६६३७८८७

लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, कपिलवस्तु (गौतमबुद्ध)

चन्द्रौटा, कपिलवस्तु

२०८३/५/२६
गणेश वहादुर खड्का
डिभिजनल वन अधिकृत

## वन प्राविधिक (पाँचौ तह) आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०५/२६**

यस कार्यालयको आ.व.२०८३/०८४ को वन विकास कोष (कार्बन उत्सर्जन न्यूनीकरण) कार्यक्रम, संघीय सशर्त अनुदान अन्तर्गत स्थानीयतह रेडका कार्यक्रम समुदाय तथा निजी वनलाई सहयोग गर्न वन प्राविधिक (पाँचौ तह) पदको देहाय बमोजिमको संख्या र योग्यताको प्राविधिक कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तपसिलका कागजातसहित आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | पद नाम | तह | माग संख्या |
|---|---|---|---|
| १ | वन प्राविधिक | पाँचौ | २ (दुई) |

तपसिल

क. आवश्यक कागजातहरू

१. निवेदन । २. वैयक्तिक विवरण (Curriculum Vitae) । ३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि । ४. शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि । ५. अनुभव खुल्ने कागजातको प्रतिलिपी । ६. वृक्षारोपण गरेको सम्बन्धी प्रमाणपत्र वा सिफारिस पत्रको प्रतिलिपि । ७. सम्बन्धित कार्यको अनुभव तथा अन्य आवश्यक कागजातहरू ।

ख. आवश्यक न्यूनतम योग्यता

- वन विज्ञान विषयमा प्रमाणपत्र वा सो सरह अध्ययन गरी कम्तीमा १ वर्षको कार्य अनुभव भएको वा वन विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरेको।
- सामुदायिक वन कार्यक्रम वा जलवायु परिवर्तनसँग सम्बन्धित परियोजनामा निजी वन, सार्वजनिक वन वा वन क्षेत्रमा आफ्नो अगुवाइमा वन विकासको कार्य गरी १० हेक्टरभन्दा बढी वृक्षारोपण गरेको उम्मेदवारलाई विशेष प्राथमिकता दिइनेछ।
- लुम्बिनी प्रदेशका बासिन्दालाई प्राथमिकता दिइनेछ।
- १८ वर्ष पूरा भई ५८ वर्ष ननाघेको हुनुपर्ने ।१८ वर्षदेखि ४० वर्षसम्मका उम्मेदवारलाई आवश्यकता अनुसार प्राथमिकता दिइनेछ।
- आदिवासी जनजाति, दलित, मधेसी, महिला तथा अल्पसंख्यक समुदायका उम्मेदवारलाई प्राथमिकता दिइनेछ।
- REDD+ का बारेमा जानकारी भएको, लागत अनुमान तयार गर्न सक्ने तथा कम्प्युटरमा GIS, ETRS लगायतका Application सम्बन्धी ज्ञान भएको उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

इमेलः dfogautambuddha@gmail.com
☏ कार्यालय प्रमुख :९८५७०८७६९९
☏ सुचना अधिकारी :९७६६६३७८८७



ग) छनोट प्रक्रिया तथा पारिश्रमिकः

१. **आवेदन दिने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयसम्म । इमेल मार्फत समेत बुझाउन सकिनेछ ।

२. **छनोट प्रक्रियाः** उम्मेदवारहरूको Curriculum Vitae (CV), शैक्षिक योग्यता, नागरिकतामा उल्लिखित जन्ममिति, अनुभव, वृक्षारोपण सम्बन्धी अनुभव तथा अन्य योग्यताका आधारमा REDD+ कार्यान्वयन केन्द्रले तोकेको वन प्राविधिक नियुक्तिसम्बन्धी मापदण्ड बमोजिम छनोट गरिनेछ।

३. **पारिश्रमिक तथा सेवा सुविधाः** नेपाल सरकारको प्रचलित नियम तथा स्वीकृत कार्यक्रम/बजेटको सीमाभित्र रही करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

४. **छनौट सम्बन्धि थप** जानकारी तथा आवश्यक परेमा अन्तर्वार्ता/प्रस्तुतीकरण लगायतका प्रक्रिया सम्बन्धी सूचना यस कार्यालयको सूचना पाटी तथा अन्य आधिकारिक माध्यमबाट प्रकाशन गरिनेछ।

५. तोकिएको म्यादपछि प्राप्त भएका तथा रीत नपुगेका आवेदनहरू उपर कुनै कारबाही गरिने छैन।

६. झुट्टा विवरण वा गलत प्रमाणपत्र पेश गरेको पाइएमा जुनसुकै चरणमा आवेदन वा नियुक्ति रद्द गर्न सकिनेछ।

**थप जानकारीका लागि सम्पर्कः**

डिभिजन वन कार्यालय, कपिलवस्तु
(गौतमबुद्ध), कपिलवस्तु
फोन नं.: ९७६६६३७८८७
**इमेलः dfogautambuddha@gmail.com**

२०८२/३/५/२६

गणेश वहादुर खड्का
डिभिजनल वन अधिकृत